

# Ujwal Thapa Treatment Funds

## Transparency and Disbursement Report

**17 July, 2021**



# कृतज्ञता

मेरो श्रीमान् उज्वल थापा जेठ महिनाको पहिलो दुई हप्ता कोभिड -१९ बिरामी भएको बेलामा उज्वलको उपचारको लागि तपाईंहरूले गर्नुभएको सहयोग तथा व्यक्त गर्नुभएको माया तथा प्रार्थनाको लागि म तथा मेरो परिवारको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्न यो पत्न लेख्दैछु ।

उज्वल तथा हामीलाई अत्यन्त आवश्यक भएको अवस्थामा तपाईंहरूले दिनुभएको आर्थिक सहयोग, गर्नुभएको प्रार्थना तथा व्यक्त गर्नुभएका सहयोगका शब्दहरू अनुकरणीय उदाहरण बनेका छन् । उज्वल भौतिक रूपमा हामीसँग नरहेको भन्नुपर्दा हामीलाई एकदमै दु:ख लागेको छ । साथै यो पनि भन्न चाहन्छु कि तपाईंहरूले स्वत: स्फूर्त रूपमा व्यक्त गर्नुभएको उदारता तथा दयालुपनको उज्वलले धेरै नै सराहना गर्ने थिए । तपाईंहरूको उदारताको लागि हाम्रो तर्फबाट हार्दिक कृतज्ञता स्वीकार्नुहोस् । उक्त कठिन समयभरि हाम्रो परिवार बनेर हामीसँगै रहने सबै महानुभावहरूलाई हामी धन्यवाद दिन्छौँ । तपाईंहरूले हामीप्रति व्यक्त गर्नुभएको माया, समानुभूति तथा करुणाको लागि तपाईंहरूलाई जति कृतज्ञता व्यक्त गरे पनि त्यो पर्याप्त हुँदैन ।

विगतका केही हप्ताको तुलनात्मक रूपमा शान्तिपूर्वक समयमा समीक्षा गर्दा हामीले तपाईंहरूले प्रदान गर्नुभएको आर्थिक सहयोगको विवरणहरू हेर्न पायौँ । तपाईंहरूले प्रदान गर्नुभएको सहयोगको एक तिहाइभन्दा केही बढी रकम मात्रै उज्वलको उपचारको लागि प्रयोग भएको रहेछ । बढी भएको उक्त रकमलाई हामीले कोभिडसँग सम्बन्धित चिकित्सकीय तथा जीविकोपार्जनसँग सम्बन्धित कठिनाइहरूसँग जुधिरहेका अन्य नेपालीहरूलाई सहयोग गर्न दिने निर्णय गरेका छौँ । त्यसको सदुपयोगको विषयमा उज्वलले चाहने पनि त्यही हो भन्ने हामीलाई विश्वास छ ।

उक्त उद्देश्य हासिल गर्न विभिन्न पेशागत क्षेत्नमा रहेका उज्वलका साथी तथा शुभचिन्तकहरूलाई कोभिडको राहतसँग सम्बन्धित काम गरिरहेका नेपालभरका विश्वसनीय संस्थाहरूको सम्बन्धित विवरण संकलनको लागि हामीले आग्रह गर्‍यौँ । उनीहरूको बारेमा संकलित विवरण तथा उनीहरुसँगको अन्तर्वार्तापछि हामीले सातओटा संस्थाहरू चयन गरेका छौँ जसले महामारीको यस समयमा महत्त्वपूर्ण सामुदायिक सेवा गरिरहेका छन् ।

उज्वलले हामीलाई छोडेर गएका खुसी तथा प्रेरणाका पलहरूलाई हामी हृदयमा संगालिराख्नेछौँ । तपाईंहरूलाई थाहै छ उनले समतामूलक तथा न्यायपूर्ण नेपालको सपना देखेका थिए जहाँ सबै नेपालीहरूले आफ्नो क्षमताको पूर्ण उपयोग गर्न सक्छन् । उक्त सपनालाई जीवित राख्न, बढाउन र उनका कामलाई निरन्तरता दिन हामीले चाँडै नै उज्वलको नाममा एउटा प्रतिष्ठानको सुरुवात गर्दैछौँ । उक्त यात्नामा अगाडि बढ्दै गर्दा तपाईंहरूको आशीर्वाद, माया तथा सहयोग पाउने आशा राखेका छौँ ।

कृतज्ञता तथा माया सहित,

उज्वल थापाको परिवार
एरिका अधिकारी (उज्वलकी श्रीमती)



## Table of Contents


i. कृतज्ञता ........................................ 2

ii. पारदर्शीता प्रतिवेदन ........................................ 4

iii. उज्वल थापा स्मृति कोषबाट अनुदान पाउने संस्थाहरुको परिचय ........................................ 5

iv. रकमको वितरण सम्बन्धी विवरण ........................................ 10

v. सहयोग अनुगमन पृष्ठ ........................................ 12

vi. A Template of the Contract with Grantee Organizations ........................................ 14

vii. हार्दिक आभार ........................................ 17



# पारदर्शीता प्रतिवेदन

पारदर्शीता प्रतिवेदन
उज्वल बहादुर थापाको उपचारमा संकलन तथा खर्च भएका रकमहरू
२०७८ जेठ १२ - असार २८ को अवधिको

| क | संकलन | रकम (रु) | जम्मा (रु) |
|---|---|---|---|
| | विश्वव्यापी रूपमा गरिएको सहयोग संकलन (गोफन्डमी) | | ३०,४३,४२२.८८ |
| | नेपालभित्र संकलन गरिएको रकम | | ३७,४०,०६२.४६ |
| | खल्ती | १,९२,००९.४८ | |
| | इसेवा | १२,६८,९१०.०० | |
| | कुमारी बैंक लिमिटेड | २२,७९,१४१.९८ | |
| | कुल संकलन गरिएको रकम | | ६७,८३,४८५.३४ |

| ख | खर्च (घटाउने) | | |
|---|---|---|---|
| | उपचारको खर्च | | १८,७०,३४९.४६ |
| | ह्याम्स अस्पताल | ७५,४६६.०० | |
| | ग्रान्डी इन्टरन्यासनल अस्पताल | ५,०१,०८५.२६ | |
| | मेडिसिटी अस्पताल | १२,९३,७९८.२० | |
| | अन्य उपचार खर्चहरू | | ५,५०,०००.०० |
| | बैंक/अन्य शुल्कहरू | | १,१०,९३४.१६ |
| | गोफन्डमी शुल्क | १,०६,८१७.४१ | |
| | खल्ती | - | |
| | इसेवा | - | |
| | विद्युतीय स्थानान्तरण शुल्क | ३,८०१.७५ | |
| | अन्य शुल्कहरू | ३१५.०० | |
| | कुल खर्च | | २५,३१,२८३.६२ |
| | संकलित रकमबाट खर्च घटाउँदा बाँकी रहेको रकम | | ४२,५२,२०१.७२. |

टिप्पणी १:
सबै कारोबारहरूलाई जुनबेलामा नगद जम्मा वा खर्च हुन्छ त्यसकै आधारमा रेकर्ड गरिएको छ ।

टिप्पणी २:
गोफन्डमीमा भएका कारोबारहरूलाई रूपान्तरण गर्नको लागि विनिमय दरलाई १ अमेरिकी डलर बराबर नेपाली रुपैयाँ ११८.८०४८१२४६३७९५ कायम गरिएको छ । ती कारोबारहरूमा रकम संकलन गर्ने, रकम पठाउने, रकम संकलन गर्दा तथा रकम स्थानान्तरण गर्दा लाग्ने शुल्क पर्दछन् । सो विनिमय दर ग्लोबल आईएमई बैंकको वेबसाइटबाट लिइएको हो जुन जुलाई १३, २०२१ दिनको भनी प्रकाशित गरिएको थियो । त्यही दिन नै नेपालमा रहेको बैंक खातामा संयुक्त राज्य अमेरिकाबाट विद्युतीय माध्यमबाट रकम स्थानान्तरण भएर जम्मा भएको थियो ।

टिप्पणी ३:
संसारभरका दाताहरू: २,८००+
सबभन्दा कम रकमको व्यक्तिगत सहयोग: १०.००
सबभन्दा धेरै रकमको व्यक्तिगत सहयोग: १,१०,३४५.००
टिप्पणी ४: थप जिज्ञासा भए आलोक सुवेदीलाई aalok.subedi88@gmail.com



## उज्वल थापा स्मृति कोषबाट अनुदान पाउने संस्थाहरुको परिचय

सबभन्दा पहिला सफल संस्थाहरूको चयन प्रकियाको बारेमा केही बताउनेछौँ ।

जेठ महिनाको अन्तिम हप्तातिर उज्वल थापाको उपचारको लागि संकलित रकमको केही परिमाण बचत हुन्छ भन्ने प्रस्ट भएको थियो । उज्वल थापाको परिवारलाई उक्त रकम फिर्ता गर्न सके राम्रो हुन्थ्यो भन्ने लागेको थियो । संसारभरबाट विभिन्न अनलाइन माध्यमबाट रकम सहयोग गर्ने व्यक्तिहरू भएको र उपचार खर्च कटाएर बचेको रकमलाई अनलाइन माध्यमका शुल्कहरूको पनि हिसाब गर्दा फिर्ता गर्न त व्यवस्थापनको हिसाबले लगभग असम्भव नै ठहरियो ।

त्यसैले असारको पहिलो हप्तातिर उज्वल थापाका परिवारले उनका केही साथी तथा सहयोगीहरूलाई बचेको रकमबाट सहयोग प्रदान गर्नको लागि उपयोगी संस्थाहरूको चयनको लागि मद्दत गर्न आग्रह गर्‍यो ।

उज्वल थापाका साथीहरुले एउटा कार्य समूह बनाएर ४१ ओटा संस्थाहरूको सूचीबाट काम सुरु गर्‍यो । स्थापना भएर केही समय कार्य अनुभव भएको र राम्रोसँग सञ्चालित संस्थाहरू जसले आफ्नो समुदायका अत्यन्तै जोखिमका रहेका समुदायहरूको कोभिडसँग सम्बन्धित उपचार तथा जीविकोपार्जनका चुनौतीहरूलाई सम्बोधन गर्न काम गरिरहेका छन् उनीहरूलाई ध्यान दिएर उक्त समूहले हेर्‍यो । त्यस समूहले अनलाइन माध्यमबाट अन्तर्वार्ता लिई ती संस्थाहरूको माथि तोकिएका लक्ष्यहरूको सम्बन्धमा सान्दर्भिकता, प्रभाव, दिगोपन, समूहको शक्ति तथा भौगिलिक, लैंगिक तथा जातजातिको विविधता जस्ता विषयहरूको मूल्यांकन गर्‍यो । परिवारका सदस्यहरूसँग थप परामर्श गरिसकेपछि उक्त समूहले सातओटा संस्थाहरूको चयन गर्‍यो र हरेक संस्थालाई विनियोजन गर्ने रकमको बारेमा टुंगो लगायो । सहयोग पाउने संस्थाहरूसँग सम्पर्कको लागि हरेक संस्थाको लागि एक जना सम्पर्क व्यक्तिको चयन गरियो । उक्त सम्पर्क व्यक्तिले उक्त रकमको प्रयोगको बारेमा अनुगमन गरी तिनदेखि छ महिनाको अन्त्यसम्ममा त्यसको बारेमा सार्वजनिक प्रतिवेदन पेश गर्छन् ।

संस्थाहरूको पृष्ठभूमिको बारेमा अध्ययन तथा अनुसन्धानको लगाि तय गरिएका प्रश्नहरू यहाँ छन् : bitly.com/UTscreening

सहयोग पाउने संस्थाहरूको विवरण तल दिइएको छ :

### भोर नेपाल

वेबसाइट: www.bhorenepal.org
फेसबुक: www.facebook.com/nepalbhore
सम्पर्क व्यक्ति: श्री राजकुमार महतो
इमेल: nepalbhore@gmail.com

भोर नेपाल अति नै जोखिममा रहेका तराईका मुसहर समुदायका सदस्यहरूको उत्थान लगायत अभियानहरूमा केन्द्रित रहेको एक गैर सरकारी संस्था हो । सन् २०२० मा यस संस्थाले विशेष गरी गर्भवती महिला तथा गरिबहरुलाई लक्षित गरी कोभिड राहत वितरण कार्यक्रम मार्फत खानाको लागि सामग्रीहरू तथा औषधीहरू वितरण गरेको थियो । यो संस्था सन् २००९ देखि समाजक कल्याण परिषद्मा आबद्ध रहेको छ । संघीय कार्यालय तिलगंगा, काठमाडौँमा रहेको यस संस्थाको प्रादेशिक कार्यालय प्रदेश नं २ को जनकपुरधाममा रहेको छ भने स्थानीय कार्यालय प्रदेश २ को सर्लाही जिल्लाको चन्द्रनगर गाउँपालिकामा रहेको छ ।

भोर नेपालले उज्वल थापा स्मृति कोषबाट प्राप्त रकम सर्लाही जिल्लाका गर्भवती तथा बच्चा पाइसकेका महिलाहरूलाई खाना तथा स्वास्थ्य सम्बन्धी प्याकेज प्रदान गर्नको लागि उपयोग गर्नेछ ।



प्रदान गरिएको रकम: रु २,५०,००० (दुई लाख पचास हजार मात्र)
कार्यक्षेत्र: सर्लाही, प्रदेश नं २
रकमको प्रभाव तथा प्रयोगको बारेमा अनुगमन गर्न तोकिएका सम्पर्क व्यक्ति: श्री रमेश पौड्याल

**हार्टबिट**
फेसबुक: https://facebook.com/heartbeatnp
सम्पर्क व्यक्ति: श्री जुजुकाजी, संस्थापक; श्री प्रकृति श्रेष्ठ, परियोजना व्यवस्थापक
इमेल: kajijuju@hotmail.com
फोन: ९८५१ ०५० २९९

हार्टबिट काठमाडौँमा सन् २००६ मा स्थापित एक गैर सरकारी संस्था हो । यसले सहरी गरिब समुदायमा रहेको भोक तथा जनजीविकासँग सम्बन्धित कठिनाइहरूलाई घटाउनको लागि गतिविधिहरू गर्न युवाहरूलाई परिचालित गर्दछ । विपद्हरूको समयमा राहत सामग्रीहरू सहित गैर सरकारी संस्थाहरूमा पहिलो मध्येको एक हुने गरी प्रतिकार्यमा खटिएर हालका वर्षहरूमा यस संस्थाले आफूलाई चिनाइरहेको छ । जुन २०२१ मा यसले मेलम्चीका बाढी प्रभावित क्षेत्रहरूमा पुगी खाना तथा स्वास्थ्य सामग्रीहरू वितरण गरेको थियो । सन् २०२०-२१ मा हार्टबिटले जीवकोपार्जनका सबै उपायहरू गुमाएका दैनिक ज्यालादारीमा काम गर्ने मजदुरहरूलाई तयारी खाना उपलब्ध गराएको थियो । तिनै मध्ये केही महिलाहरूलाई यस संस्थाले सानो स्तरका उद्यमी पनि बनाएको थियो । उक्त योजना अनुसार “वुमन अन ह्विल्स” नामक एक समूह बनाएको थियो जस अन्तर्गत महिलाहरूले सडकमा आफ्ना ठेलामा तरकारी, फलफूल, लत्ता कपडा लगायतका सामग्रीहरूको व्यापार गर्छन् ।

वुमन अन ह्विल्स समुदायका ललितपुर क्षेत्रका ४० महिलाहरूलाई खाद्य राहत सामग्रीहरू प्रदान गर्नको लागि हार्टबिटले उज्वल थापा स्मृति कोषको प्रयोग गर्नेछ । कतिपय अवस्थामा परिवारमा आर्थिक उपार्जन गर्ने एकमात्र सदस्य पनि रहेका ती महिलाहरूले यस महामारीको समयमा आफ्नो आय गुमाएका छन् ।

प्रदान गरिएको रकम: रू २,००,००० (दुई लाख रुपैयाँ मात्र)
कार्यक्षेत्र: ललितपुरको सहरी क्षेत्र, वाग्मती प्रदेश
रकमको प्रभाव तथा प्रयोगको बारेमा अनुगमन गर्न तोकिएका सम्पर्क व्यक्ति: श्री विराजभक्त श्रेष्ठ

**मधेश ह्युमन राइट्स होम (माहुरी होम)**
वेबसाइट: http://mahurihome.org.np/
फेसबुक: https://www.facebook.com/mahuri.home
सम्पर्क व्यक्ति: श्री रवीन्द्र नाथ ठाकुर, अध्यक्ष
इमेल: mahurihome@gmail.com, info@mhrh.org.np
फोन: ९८५७-०२२ ०३८, ०७६-५६० ६०५

मधेश ह्युमन साइट्स होम (माहुरी होम ) सन् २००८ मा स्थापित एक संस्था हो जुन कपिलबस्तु जिल्ला तथा त्यसको वरपर रहेका पछाडि परेका, सामाजिक रूपमा बहिष्करण तथा थिचिएका, आदिवासी तथा अल्पसंख्यक नागरिकहरूलाई भुँइ तहमा गएर नै सशक्तिकरण गर्ने प्रतिबद्ध रहेको छ । यस संस्थाको स्थापना सन् २००७ मा मोहिद खानको हत्यापछि फैलिएको हिंसात्मक घटनाहरूको पृष्ठभूमिमा मानव अधिकार, सञ्चार क्षेत्र, दलित तथा महिला सशक्तिकरण, अहिंसात्मक द्वन्द्व रूपान्तरण तथा शान्ति शिक्षाका क्षेत्रका विज्ञहरूको गतिशील टोलीको सामूहिक तथा सहकार्यात्मक पहलबाट भएको हो ।



सन् २०२०-२१ मा यस संस्थाले आफ्ना केही कामलाई कोभिडका नकारात्मक सामाजिक असरहरू न्यूनीकरण गर्नको लागि केन्द्रित गर्ने गरी परिवर्तन गर्‍यो । ती कामहरू मध्ये मृत शरीरको व्यवस्थापन गर्ने, स्थानीय अस्पतालका आईसीयूमा बिरामीलाई पठाउने, अक्सिजन सिलिन्डरहरूको खरिद गर्ने, तथा विद्यालय जान नपाएका बालबालिकाको लागि कपडा तथा कापी कलम वितरण गर्ने आदि थिए ।

उज्वल थापा स्मृति कोषबाट उपलब्ध हुने रकम हालसम्म ध्यान नदिइएको कपिलबस्तुमा रहेको घुमन्ते नतुवा समूहलाई सहयोग गर्नको लागि स्रोतको रूपमा उपयोग गर्नेछ । स्थानीय तहसँग थप आर्थिक सहयोगको लागि सहकार्य गरी यस संस्थाले ३०० नतुवा परिवारहरूलाई आवश्यक पर्ने कपडा तथा कापी कलमहरू वितरण गर्नेछ ।

प्रदान गरिएको रकम: रू २,०२,२०१।७२ (दुई लाख दुई हजार दुई सय एक रूपैयाँ बहत्तर पैसा)
कार्यक्षेत्र: कपिलवस्तु, लुम्बिनी प्रदेश
रकमको प्रभाव तथा प्रयोगको बारेमा अनुगमन गर्न तोकिएका सम्पर्क व्यक्ति: श्री रन्जु दर्शना

## नेपाल क्रिटिकल केयर डेभलपमेन्ट फाउन्डेसन (एनसीसीडीएफ)

वेबसाइट: http://nccdfnepal.org.np/
फेसबुक: www.facebook.com/nccdf
सम्पर्क व्यक्ति: श्री सम्राट आचार्य, व्यवस्थाप
इमेल: samratacharya26@gmail.com
फोन: ९८५१- १०१ ९५१

नेपाल क्रिटिकल केयर डेभलपमेन्ट फाउन्डेसन (एनसीसीडीएफ) सन् २०१२ मा एक गैर सरकारी संस्थाको रूपमा स्थापित भएको थियो । काठमाडौँमा स्थापित भए पनि यस संस्थाले देशभरि काम गर्दछ । यसका उद्देश्यहरू भनेका नेपालमा जटिल अवस्थाका बिरामीलाई दिइने स्वास्थ्य सेवामा विकास गर्नु तथा आईसीयू सेवाहरूलाई स्तरोन्नति गर्नु हो । उक्त उद्देश्यहरू हासिल गर्नको लागि यसले निरन्तर रूपमा नर्सहरूको लागि चिकित्सा सम्बन्धी शिक्षा तथा संक्रमण रोकथाम तथा नियन्त्रण, नर्सहरूको लागि सीपीआर, ट्र्याकियोस्टिमी केयर आदि तालिमका कार्यक्रमहरूको आयोजना गरिरहन्छ । यस्ता हस्तक्षेपले गर्दा नर्सहरूको सीपको स्तरमा वृद्धि भई जटिल रोगका बिरामीहरूले राम्रो सेवा पाउन सक्छन् । सन् २०२०- २१ मा एनसीसीडीएफले सार्वजनिक अस्पतालहरूलाई ७२ अक्सिजन कन्सन्ट्रेटरहरू वितरण गर्नुका साथै पीपीई तथा मास्क उपलब्ध गराउने र चिकित्सक तथा नर्सहरूलाई विशिष्टीकृत जटिल बिरामी हेरचाहका विधिहरूको बारेमा तालिम प्रदान गरेको थियो ।

एनसीसीडीएफले उज्वल थापा स्मृति कोषबाट प्राप्त रकमलाई आईसीयू व्यवस्थापन, भेन्टिलेटरको प्रयोग, श्वासप्रश्वास सम्बन्धी हेरचाह तथा बिरामीसँगको सञ्चार जस्ता व्यवसायिक सीपको स्तरोन्नति गर्ने दुई दिने तालिममा सहभागी हुन छात्रवृत्ति आवश्यक पर्ने सुदूर पश्चिम प्रदेशका नर्सहरूलाई प्रदान गर्न उपयोग गर्नेछ ।

प्रदान गरिएको रकम: रू ५,००,००० (पाँच लाख रुपैयाँ मात्र)
कार्यक्षेत्र: सुदूर पश्चिम प्रदेश
रकमको प्रभाव तथा प्रयोगको बारेमा अनुगमन गर्न तोकिएका सम्पर्क व्यक्ति: श्री सुमित्रा गुरुङ



**राष्ट्रिय आविष्कार केन्द्र**
वेबसाइट: nicnepal.org
सम्पर्क व्यक्ति: श्री मीरा पोखरेल, प्रमुख कार्यकारी अधिकृत
इमेल: mira@nicnepal.org
फोन: ९८५१- १०१ ७७३

राष्ट्रिय आविष्कार केन्द्र सन् २०१२ मा गैर नाफामूलक संस्थाको रूपमा स्थापना भएको थियो । कीर्तिपुरमा कार्यालय रहेको यस संस्थाको नेतृत्व म्यागसेसे पुरस्कार विजेता डा महावीर पुनले गर्नुभएको छ । यस केन्द्रको लक्ष्य भनेको नेपाली नव प्रवर्तक तथा उद्यमीहरूलाई विभिन्न किसिमका सहयोगी सेवाहरू प्रदान गरी बौद्धिक व्यक्तिहरूको पलायनलाई रोक्न मद्दत गर्नु हो । हालको समयमा आविष्कार केन्द्रले स्वास्थ्य सेवा, सहरी यातायात, कृतिम बौद्धिकता जस्ता विषयहरूमा परियोजनाहरू सञ्चालन गरिरहेको छ । सन् २०२० मा यस केन्द्रले कोभिड विरुद्धको प्रतिकार्यमा सहभागी हुँदै पीपीई तथा सुरक्षात्मक उपकरणहरू बनाउने तथा अग्र मोर्चामा खटिइरहेका स्वास्थ्यकर्मीलाई वितरण गर्ने, भेन्टिलेटरहरूको मर्मत गर्ने तथा ग्रामीण भेगमा सानो क्षमताका अक्सिजन प्लान्ट निर्माण गर्ने तथा जडान गर्ने काम गरेको थियो ।

राष्ट्रिय आविष्कार केन्द्रले उज्वल थापा स्मृति कोषबाट प्राप्त सहयोगलाई ग्रामीण अस्पतालमा सानो स्तरको अक्सिजन प्लान्ट जडान गर्नको लागि उपयोग गर्नेछ र यस कार्यमा प्रदेश नं १ र गण्डकी प्रदेशलाई विशेष ध्यान दिइनेछ । हरेक प्लान्टलाई करिब १९ लाख पर्ने भएकाले यस केन्द्रले सम्बन्धित अस्पतालहरू तथा स्थानीय तहसँग सहकार्य गरी र आवश्यक परेमा आफ्नै पनि केही आर्थिक स्रोतको प्रयोग गरी उक्त परियोजनाको निर्माण गर्नेछ । परियोजनाहरूको पारदर्शीताको बारेमा बुझ्न https://nicnepal.org/projects जानुहोस् ।

प्रदान गरिएको रकम: रू १५,००,००० (पन्ध्र लाख रुपैयाँ मात्र)
कार्यक्षेत्र: प्रदेश नं १ र गण्डकी प्रदेश
रकमको प्रभाव तथा प्रयोगको बारेमा अनुगमन गर्न तोकिएका सम्पर्क व्यक्ति: गोविन्द नारायण

**ओडा फाउन्डेसन**
वेबसाइट: https://www.odafoundation.org/
फेसबुक: https://www.facebook.com/OdaFoundation
सम्पर्क व्यक्ति: श्री करण सिंह, सह-संस्थापक तथा अध्यक्ष, श्री मोना आदित्य, प्रमुख कार्यकारी अधिकृत
इमेल: info@odafoundation.org
फोन : ९८६० -१६४ ३३१; ९७४१-३६१ १११

कालिकोट जिल्लाको ओडा गाउँको नामलाई नै संस्थाले आफ्नो नामको रूपमा प्रयोग गरेको ओडा फाउन्डेसन सन् २०१३ मा कर्णाली प्रदेशमा गैर सरकारी संस्थाको रूपमा दर्ता भएको थियो । यही संस्थाको सदायिक विकासको कामको प्रचार प्रसार गर्न तथा प्रवासी नेपाली समुदाय लगायतबाट संस्थाको लागि आर्थिक सहयोग संकलन गर्न अमेरिकामा ५०१(सी)(३) को रूपमा दर्ता भएको एक संस्थासँग यसले सहकार्य गरिरहेको छ । लामो समयदेखि यस संस्था स्वास्थ्य, शिक्षा तथा समुदायिक परिचालनको क्षेत्रमा काम गरिरहेको छ । सन् २०२० र २१ मा कोभिडको प्रतिकार्य स्वरूप सीमापार आर्थिक आप्रवासीहरूहरू धेरै रहेको कालिकोटमा ओडाले स्थानीय सरकारसँग नजिकबाट काम गरी एक आइसोलेसन सेन्टरको निर्माण गर्‍यो, कोभिड रोकथामका कार्यक्रमहरू सञ्चालन गर्‍यो र खानाको लागि अन्न कार्यक्रमका अवसरहरू प्रदान गर्‍यो ।



स्थानीय सरकारको थप सहयोगमा ओडा फाउन्डेसनले उज्वल थापा स्मृति कोषबाट प्राप्त सहयोगलाई दुई कोठे अन्तरंग बिरामी केन्द्र बनाउनको लागि प्रयोग गर्नेछ जहाँबाट आर्थिक रूपले आवश्यक पर्नेहरूलाई स्वास्थ्य सल्लाह तथा सेवाहरू प्रदान गरिनेछ ।

प्रदान गरिएको रकम: रु १०,००,००० (दश लाख रुपैयाँ मात्र)
कार्यक्षेत्र: कालिकोट, कर्णाली प्रदेश
रकमको प्रभाव तथा प्रयोगको बारेमा अनुगमन गर्न तोकिएका सम्पर्क व्यक्ति: श्री कर्मा लामा

**सानो पाइला**
वेबसाइट: www.sanopaila.org
फेसबुक: www.facebook.com/sanopaila
सम्पर्क व्यक्ति: जय साह, अपरेसन्स प्रमुख
इमेल: sanopaila@gmail.com, jai@sanopaila.org
फोन: ९८४१ -२१३ १३० ९८४५-६०० ७५०

सन् २००६ मा स्थापित सानो पाइलासँग प्राय: सरकार, निजी क्षेत्र तथा अन्य गैर सरकारी संस्थाहरूले प्राय: वेवास्ता गर्ने गरेका सामाजिक सवालहरूलाई सफलतापूर्वक व्यवस्थापन गरेको अनुभव रहेको छ । यसका कार्य क्षेत्रहरूमा युवा सशक्तिकरण, लागु औषध पुनर्स्थापना, स्वास्थ्य सुधार तथा पैरवी, शान्तिको स्थितिको निर्माण, अपराध रोकथाम तथा सुधार, मानव बेचबिखन विरुद्ध तथा बालबालिकाको सुरक्षा, शिक्षामा पहुँच, विपद्को बेलामा जीविकोपार्जनमा सहयोग आदि पर्दछन् ।

विपद्को प्रतिकार्यमा कोभिडको पहिलो र दोस्रो उभारमा सानो पाइलाले एकदमै जोखिममा रहेका व्यक्तिहरूमाझ सेवा पुर्‍याउन बहु विधिबाट काम गरी महत्त्वपूर्ण भूमिका खेलेको छ । यसले प्रदेश नं २ र सुदूर पश्चिम प्रदेशका दैनिक ज्यालादारीमा काम गर्ने मजदुरहरू, दलित तथा अन्य पिछडिएका समुदायहरूको लागि पकाएका खानाहरू वितरण गरेको थियो । यसले सीमा पारिबाट देश फर्किरहेका आर्थिक आप्रवासीहरूलाई पर्सा र महोत्तरीमा खाना उपलब्ध गराउने, पर्सा र धनुषा जिल्लामा कोभिडका बिरामीहरूलाई पोषणयुक्त खाना उपलब्ध गराउने, निषेधाज्ञाको बेलामा आपत्कालीन सामानहरू प्रदान गर्नको लागि एकीकृत सहयोग केन्द्रको सुरुवात गर्ने, तथा प्रदेश २ का सरकारी अस्पतालहरूलाई पीपीई, जाँच गर्ने स्थान तथा भेन्टिलेटरहरू उपलब्ध गराउने काम गरेको थियो । साथै यस संस्थाले कोभिडका बिरामीलाई टेलिमेडिसिन पनि उपलब्ध गराएको थियो ।

उज्वल थापा स्मृति कोषबाट प्राप्त रकमलाई सानो पाइलाले आउँदो छ महिनाको लागि टेलिमेडिसिन सेवालाई विस्तार गर्नको लागि प्रयोग गर्नेछ । यस विस्तार योजनाले डाक्टर तथा प्यारामेडिकलहरूलाई परिचालन गर्नेछ जसले महामारीको यस समयमा अद्यावधिक स्वास्थ्य सम्बन्धी जानकारी उपलब्ध गराउँछन् ।

प्रदान गरिएको रकम: रु ६,००,००० (छ लाख रुपैयाँ मात्र)
कार्यक्षेत्र: नेपालभरको लागि टेलिमेडिसिन प्रदान गर्ने र वीरगन्जमा प्रमुख कार्यालय रहेको
रकमको प्रभाव तथा प्रयोगको बारेमा अनुगमन गर्न तोकिएका सम्पर्क व्यक्ति: श्री आलोक सुवेदी

Total surplus funds: Nrs. 4,252,201.72 = Total grants given out to the seven organizations working all over Nepal: Nrs. 4,252,201.72



## रकमको वितरण सम्बन्धी विवरण




**प्रदेश नं १:**
**राष्ट्रिय आविष्कार केन्द्र**ले एक ग्रामीण अस्पतालमा सानो स्तरको अक्सिजन प्लान्ट जडान गर्नको लागि उपयोग गर्नेछ केन्द्रले सम्बन्धित क्षेत्रका निकायहरूसँग सहकार्य गरी र आवश्यक परेमा आफ्नै पनि केही आर्थिक स्रोतको प्रयोग गरी उक्त परियोजनाको निर्माण गर्नेछ ।
प्रदान गरिएको रकम: रू १५,००,००० (पन्ध्र लाख रुपैयाँ मात्र)

**प्रदेश नं २:**
**भोर नेपाल**ले सर्लाही जिल्लाका गर्भवती तथा बच्चा पाइसकेका महिलाहरूलाई खाना तथा स्वास्थ्य सम्बन्धी प्याकेज प्रदान गर्नको लागि उपयोग गर्नेछ ।
प्रदान गरिएको रकम: रु २,५०,००० (दुई लाख पचास हजार मात्र)

**वाग्मती प्रदेश:**
**हार्टबिट**ले वुमन अन ह्विल्स समुदायका ललितपुर क्षेत्रका ४० महिलाहरूलाई खाद्य राहत सामग्रीहरू प्रदान गर्नेछ ।
प्रदान गरिएको रकम: रू २,००,००० (दुई लाख रुपैयाँ मात्र)

**गण्डकी प्रदेश:**
**राष्ट्रिय आविष्कार केन्द्र**ले एक ग्रामीण अस्पतालमा सानो स्तरको अक्सिजन प्लान्ट जडान गर्नको लागि उपयोग गर्नेछ केन्द्रले सम्बन्धित क्षेत्रका निकायहरूसँग सहकार्य गरी र आवश्यक परेमा आफ्नै पनि केही आर्थिक स्रोतको प्रयोग गरी उक्त



परियोजनाको निर्माण गर्नेछ ।
प्रदान गरिएको रकम: रू १५,००,००० (पन्ध्र लाख रुपैयाँ मात्र)

**लुम्बिनी प्रदेश:**
**मधेय ह्युमन राइट्स**ले हालसम्म ध्यान नदिइएको कपिलबस्तुमा रहेको घुमन्ते नतुवा समूहलाई सहयोग गर्नको लागि स्थानीय तहसँग थप आर्थिक सहयोगको लागि सहकार्य गरी यस संस्थाले ३०० नतुवा परिवारहरूलाई आवश्यक पर्ने कपडा तथा कापी कलमहरू वितरण गर्नेछ ।
प्रदान गरिएको रकम: रू २,०२,२०१।७२ (दुई लाख दुई हजार दुई सय एक रूपैयाँ बहत्तर पैसा)

**कर्णाली प्रदेश:**
**ओडा फाउन्डेसन**ले दुई कोठे अन्तरंग बिरामी केन्द्र बनाउनको लागि प्रयोग गर्नेछ जहाँबाट आर्थिक रूपले आवश्यक पर्नेहरूलाई स्वास्थ्य सल्लाह तथा सेवाहरू प्रदान गरिनेछ ।
प्रदान गरिएको रकम: रु १०,००,००० (दश लाख रुपैयाँ मात्र)

**सुदुर पश्चिम प्रदेश:**
**एनसीसीडीएफ**ले आईसीयू व्यवस्थापन, भेन्टिलेटरको प्रयोग, श्वासप्रश्वास सम्बन्धी हेरचाह तथा बिरामीसँगको सञ्चार जस्ता व्यवसायिक सीपको स्तरोन्नति गर्ने दुई दिने तालिममा सहभागी हुन छात्रवृत्ति आवश्यक पर्ने सुदुर पश्चिम प्रदेशका नर्सहरूलाई प्रदान गर्न उपयोग गर्नेछ ।
प्रदान गरिएको रकम: रू ५,००,००० (पाँच लाख रुपैयाँ मात्र)

**नेपालभरि सेवा प्रदान गर्ने**
**सानो पाइला**ले आउँदो छ महिनाको लागि टेलिमेडिसिन सेवालाई विस्तार गर्नको लागि प्रयोग गर्नेछ । यस विस्तार योजनाले डाक्टर तथा प्यारामेडिकलहरूलाई परिचालन गर्नेछ जसले महामारीको यस समयमा अद्यावधिक गरिएको कोभिड न्यूनीकरण परामर्श लगायत स्वास्थ्य सम्बन्धी जानकारी उपलब्ध गराउँछन् ।
प्रदान गरिएको रकम: रु ६,००,००० (छ लाख रुपैयाँ मात्र)

## सहयोग अनुगमन पृष्ठ



यो सहयोग पाउने संस्थाहरूको लागि तोकिएका सम्पर्क व्यक्तिहरूले विभिन्न माध्यमबाट अनुगमन गरी भर्ने पृष्ठको नमूना हो । यसको नतिजा सार्वजनिक रूपमा कार्तिकदेखि माघसम्म जारी गरिनेछ ।

सहयोग पाउने संस्थाको नाम ______________________________

संस्थाको सम्पर्क व्यक्ति ______________________________

फोन नम्बर ______________________________

इमेल ______________________________

वेबसाइट ______________________________

**उज्वल थापा स्मृति कोषबाट के प्रयोजनको लागि सहयोग प्रदान गरिएको थियो ?**

**उक्त सहयोगबाट सम्पन्न गरिएका कामहरूको विवरण दिनुहोस् ।**



**हासिल गरिएका नतिजाहरूको सूची बनाउनुहोस् र त्यसको बारेमा सकेसम्म विस्तृतमा जानकारी उपलब्ध गर्नुहोस् ।**

**उक्त कामबाट भविष्यको लागि सिक्न सकिने विषयहरू तथा सल्लाह सुझाव राख्नुहोस् ।**

संस्थाको नाम

मिति

उज्वल थापा स्मृति कोषबाट तोकिएका सम्पर्क व्यक्ति

A template of the contract with each grantee organization



## Memorandum of Understanding

This Memorandum of Understanding ("MoU") is hereby made and entered into by and between Ms. Erica Adhikary, who is the wife of late Mr. Ujwal Thapa (hereinafter referred to as "Grantor") having her residential address at Kathmandu Metropolitan City, Ward No., House, Janmarg, and (NAME OF THE ORG________________________________________________________________________, which has its registered office in____________________ district in ___________________________ Province (hereinafter referred to as "Organization"). Each the "Party" and together the "Parties".

Whereas, it is mutually understood and agreed upon by and between the Parties that the purpose of this MoU is to utilize a portion of the surplus funds (that is, the remainder funds after the deduction of total donated amount used for the medical treatment of late Mr. Ujwal Thapa in May-June 2021) for the deliverable of: ___________________________________________________________________________

Whereas, the Organization is a reputed, responsible and publicly accountable entity, and has no previous bad record or has never been black-listed by any regulatory authority in the five years, and has due respect towards the values and reputation of Ujwal Thapa and the Grantor.

Whereas, Grantor agrees to provide a fund of NRs ________________________ (in words: _______________________________________________________________) to the Organization as a lump sum grant ("Grant") for work based on the discussion the Grantor and its representatives have had with the Organization in the months of June and July 2021, and as described below;

Terms and Conditions:

1. Submission of the Documents:

The organization must submit the following documents at the earliest:

a. Certificate of Registration

b. Copy of the PAN certificate issued by the IRD

c. A certificate of tax clearance of the most recent fiscal year

2. Scope of utilization of the Grant: The Organization agrees to

a. __________

b. __________

c. __________

3. Transparency:

a. The Grantor shall appoint a Liaison Officer, who will be in close touch with the organization.

b. The Organization shall work with the liaison officer to publish a short monitoring report in three to six months' time from the signing of this contract.

c. The Organization shall provide required expense-information, appropriate



audio-photo-visual and print documentation of the work carried out with support of the fund.
d. The Organization shall publicly display the relevant Financial and Social Audit information on their organization website or other relevant social media site.

4. Leverage:
The Organization may use this Grant to leverage additional funds from its own sources and/or from other funding entities to scale up the impact of the work undertaken under this MoU.

5. Obligations of the Organization:
a. The Organization shall be transparent as to the use of the Grant and cooperate with the Liaison Officer by providing the necessary details and documents mentioned in Clause 3 of this MoU.
b. The Organization shall not use this Grant for personal advertisement or personal benefit.
c. The Organization shall not delegate the Grant utilization or transfer funds to another organization.
d. If the Organization is unable to utilize the Grant or if the Grantor finds that Organization is unable to utilize the Grant for whatsoever reasons then the Organization shall return the Grant to the Grantor. However, if the Grant or part thereof is already utilized then the Organization shall submit a separate report as per Clause 3 (a) to the extent of utilize Grant.

6. Rights of the Grantor:
a. The Grantor shall have the right to ask for information regarding the details mentioned in Clause 3 this Agreement.
b. The Grantor shall have the right to demand the return of the Grant Amount if she deems that the Grantee has not been complying with the terms of this Agreement.

7. Other:
a. Entire Agreement: This Agreement constitutes the entire and complete agreement between the Parties hereto and supersedes any prior oral or written agreements between the parties. It is expressly agreed that there are no verbal understanding or agreements which in any way change the terms, covenants and conditions herein set forth, and that no modification of this Agreement and no waiver of any of its terms and conditions shall be effective unless made in writing and duly executed by the Parties hereto.
b. Binding Effect: This Agreement and all covenants, terms and provisions contained herein shall be binding upon and inure to the benefit of the Parties and their respective successors and assigns.
c. Counterparts: This Agreement may be executed in one or more counterparts which together shall constitute one and the same Agreement and shall be binding on the Parties.



d. Assignment or Subcontracting: Either Party shall not transfer, assign or sub-contract its rights or obligations under this Agreement to third parties without written consent of the other Party.
e. Amendment: This Agreement constitutes a legally binding obligation between both parties hereto. No changes, alteration or modifications hereto shall be effective unless it is in writing, refers to this Agreement and is duly executed by each party to this Agreement.
f. Cooperation: The Parties shall cooperate with each other and provide assistance required for carrying out the Services under the Agreement.
g. Notice: Any notice to either party shall be in telex, or electronic mail or any other medium as determined by the Grantor:

If to Grantor:
Name:
Address:
Attn:
Phone No:
Email:

If to Grantee:
Name:
Address:
Attn:
Phone No:
Email:

| | |
|---|---|
| (Grantor) | (The Recipient Organization) |
| Name: | Name: |
| Designation: | Designation: |
| Contact No: | Contact No: |

| | |
|---|---|
| (Witness) | (Witness) |
| Name: | Name: |
| Designation: | Designation: |
| Contact No: | Contact No: |

## हार्दिक आभार



संसारभरका २,८०० जना व्यक्तिगत रूपमा सहयोग गर्नेहरू तथा अन्य शुभेच्छुकहरू जसले प्रत्यक्ष संवाद, सन्देश वा सहयोग गर्न हात अगाडि बढाउनु भयो त्यसका अलावा तल उल्लिखित मित्र, शुभेच्छुक तथा पेशाकर्मीहरु सबैप्रति उज्वल थापाको परिवार कृतज्ञ रहेको छ :

- ह्याम्स, वीरेन्द्र सैनिक अस्पताल, ग्रान्डी इन्टरन्यासनल, मेडिसिटी अस्पतालमा सघन उपचारमा संलग्न सम्पूर्ण डाक्टर, नर्स, अन्य कर्मचारी तथा अस्पतला प्रशासकहरू ।

- पीकेएफ टी आर उपाध्याय एन्ड कम्पनीका प्रबन्ध साझेदार चार्टर्ड एकाउन्टेन्ट श्री शशी सत्याल तथा उहाँका सहकर्मी श्री सुप्रिम मण्डललाई कोषको लेखांकन प्रक्रियाको बारेमा नि:शुल्क मार्गदर्शन गरिदिनु भएकोमा ।

- सीपीए श्री किरण सिटौलालाई संकलन गरिएको रकमको हिसाब राख्ने तरिका तथा लेखांकन प्रक्रियाको बारेमा थप निगरानी गरिदिनुभएकोमा ।

- पायोनियर ल एसोसियट्सका श्री अनुप उप्रेती तथा श्री प्रकृति योन्जलाई सहयोग प्राप्त संस्थाहरूसँग गरिने सम्झौता पत्र तयार पार्न नि:शुल्क सहयोग गरिदिनु भएकोमा ।

- श्री आलोक सुवेदी, मिलन पाण्डे, रन्जु दर्शना, सन्तोष गिरी, धीरेन्द्र कुमार साह, रमेश पौड्याल, विजय बाबु शिवाकोटी, मनन महर्जन, भूपदेव शाह, हेमेन्द्र बोहरा, कृष्ण क्षेत्री, उपेन्द्र बम, अर्जुन सिंह ठकुरी, हिमा विष्ट, गोविन्द नारायण, शशिविक्रम कार्की, अभिषेक बस्नेत, तृप्ति गिरी, भावना राउत, दिव्येश गिरी, अनिश सुवेदी, साधना थुलुङ राई, पुकार बम, सञ्जय रिमाल, कर्मा लामा तामाङ, सुबुना बस्नेत, निशा थापा, रविन्द्र मिश्र, आशुतोष तिवारी, तथा अन्य धेरै महानुभावहरू जसले संकटको समयमा देखाउनु भएको उदारता तथा गर्नुभएको सहयोगको लागि परिवार अत्यन्तै कृतज्ञ रहेको छ ।